# अर्जुनचौपारी गाउँपालिका
Arjunchaupari Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
अर्जुनचौपारी, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

प.सं.(Reference No ०८१।८२
च.नं.(Dispatch No):-


मितिः२०८१।०६।१९

**प्रेस विज्ञप्ती**

मिति २०८१।०६।१८ गते यस अर्जुनचौपारी गाउँपालिकाको ३४ औं कार्यपालिकाको बैठकबाट निर्णय भएका मुख्य निर्णयहरु तपशिल बमोजिम रहेको अर्जुनचौपारी गाउँपालिकाबासी सर्वसाधारणको जानकारीको लागि यो विज्ञप्ती प्रकाशित गरिएको छ।

**निर्णय नं. १** अर्जुनचौपारी गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को महालेखा परीक्षकको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन प्राप्त भएकोमा बेरुजु देखिएको रकमको हकमा उक्त बेरुजु असुल/फछ्र्यौट/सम्परीक्षणका लागि सम्वन्धित व्यक्ति/फर्मलाई जिम्मेवार बनाई बेरुजु न्यूनीकरण गर्ने साथै आगामी आर्थिक वर्षहरुमा बेरुजु कम गर्नका लागि आवश्यक पहल गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. २** आर्थिक वर्ष २०८१/०८२ को लघुउद्यम विकास कार्यक्रमका लागि अर्जुनचौपारी गाउँपालिका वडा नं. १ र २ छनौट गरी कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३** स्थानीय तह क्षमता स्वमूल्याङ्कन LISA मा आर्थिक वर्ष २०७९/०८० मा ७७.२५ अङ्क प्राप्त भएकोमा चालु आर्थिक वर्ष २०८०/०८१ मा ८६ अङ्क प्राप्त गरी जिल्लामा प्रथम स्थान र गण्डकी प्रदेशमा दोश्रो स्थान हासिल गरिएको साथै प्राकृतिक श्रोत तथा वित्त आयोगको मूल्याङ्कनमा ६३.३३ अङ्क प्राप्त भएकोमा आगामी आर्थिक वर्षमा पनि उक्त सूचकहरुमा उत्कृष्टता हासिल गर्नका लागि सम्पूर्ण विषयगत शाखाहरुलाई निर्देशन दिने साथै कार्यप्रक्रियामा सहजीकरण गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४** अर्जुनचौपारी गाउँपालिकाको बसपार्क निर्माणको लागि जग्गा प्राप्तिका लागि आवश्यक व्यवस्थाका लागि सहजीकरण एवं समन्वय गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५** अर्जुनचौपारी गाउँपालिकाले सञ्चालन गर्दै आएको राष्ट्रपति रनिङ्ग शिल्ड कार्यक्रम अर्जुनचौपारी गाउँपालिकाको शैक्षिक कार्यपात्रोमा पौष ७ देखि ९ सम्म रहेकोले उक्त समयमा राष्ट्रपति रनिङ्ग शिल्ड सञ्चालन गर्दा जिल्ला स्तरीय रनिङ्ग शिल्डको प्रतियोगीता तयारीको लागि समय अपुग हुने हुँदा पालिकाले सञ्चालन गर्दै आएको राष्ट्रपति रनिङ्ग शिल्ड समय परिवर्तन गरी मंसिरको दोस्रो हप्ता देखि सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६** गाउँपालिकाको अधिकार क्षेत्रभित्र गर्ने विषयसँग सम्बन्धित योजना, कार्यक्रम तथा आयोजना सम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी अध्ययन, प्रतिवेदन तयारी, स्वीकृति, प्रस्ताव कार्यान्वयन तथा अनुगमन प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन अर्जुनचौपारी गाउँपालिकाको प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८१ स्वीकृत गरी कार्यान्वयनमा ल्याउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ७** आर्थिक वर्ष २०८१/०८२ को लागि अर्जुनचौपारी गाउँपालिकामा सूचिकृत बेरोजगार व्यक्तिहरुबाट प्राथमिकताक्रमका आधारमा आर्थिक वर्ष २०८१/०८२ को लागि स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत रोजगारका आयोजनाहरु सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता



CamScanner

अर्जुनचौपारी गाउँपालिका
Arjunchaupari Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

Office of Rural Municipal Executive

अर्जुनचौपारी, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

प.सं.(Reference No): ०८१।८२
च.नं.(Dispatch No):-

निर्णय नं. ८ अर्जुनचौपारी गाउँपालिका भित्र खेलकूदको विकास गर्न तपसिल बमोजिमको पालिका स्तरीय खेलकूद विकास समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल

| | |
|---|---|
| श्री नेत्र बहादुर गुरुङ | संयोजक |
| श्री विकास क्षेत्री | सदस्य |
| श्री गणेश पौडेल | सदस्य |
| श्री मन बहादुर खत्री | सदस्य |
| श्री हरि जि.टी. | सदस्य |
| श्री यमन राना | सदस्य |
| श्री विजय घर्ती | सदस्य |

धन बहादुर गुरुङ
प्रवक्ता

धन बहादुर गुरुङ
प्रवक्ता



CamScanner